RR Interdisciplinary Journal Vol. 4 No. 4 December, 2023 (2080 Mangsir) PP 54-64

# नेपालको लोकतान्त्रिक आन्दोलनमा जनताको बहुदलीय जनवाद

**महेश भट्टराई***

## लेखसार

*प्रस्तुत लेखमा नेपालको लोकतान्त्रिक आन्दोलनमा जनताको बहुदलीय जनवादको भूमिका कस्तो छ भन्ने जिज्ञासा उठाई त्यसको निरनकरण गरिएको छ । कम्युनिस्ट पार्टी सञ्चालित हुने विज्ञानसम्मत सङ्गठनात्म सिद्धान्त हुन्छ । त्यो लेनिनवादी सङ्गठनात्मक सिद्धान्त हो । यसलाई पालना नगर्ने कम्युनिस्ट पार्टीहरू छिन्नभिन्न हुन्छन् र त्यस्तो भएनन् भने पनि तिनीहरूले क्रान्तिको अगुवाइ गर्न सक्दैनन् । नेपालमा २००६ सालमा कम्युनिस्ट पार्टीको स्थापना भयो । २०२२ सालमा विभाजित एवम् छिन्नभिन्न भयो । यसको पुनर्गठन एकता गर्दै आजको अवस्थामा पुग्दा लोकतान्त्रिक विधि र प्रणालीको प्रयोग गर्दा नेता नेतृत्व सही छान्ने लोकतान्त्रिक वैज्ञानिक विधिको प्रयोग गर्दा यसको प्रभाव सकारात्मक र यसको अलावा निरङ्कुश तरिकाले नेतृत्व र नीति छान्दा गलत भई देश नै अन्योलको अवस्थमा परेको छ । पुस्तकालयबाट सामग्री सङ्कलन गरी जबजका दस्तावेजका आधारमा वर्णनात्मक र विश्लेषण विधिबाट विवेचना गरिएको छ । लोकतान्त्रीकरणको विषयलाई व्यहारमा प्रयोग गर्ने, विधिमार्फत नेतृत्व छनौट गर्ने उच्चतम लोकतान्त्रिक विधिको प्रयोग जनताको बहुदलीय जनवादको प्रयोगका बारेमा उल्लेख गर्ने गरी अध्ययन गरिएको छ । लोकतान्त्रिक विधि नै विश्वको सर्वश्रेष्ठ विधि हो भन्ने विषय आज पनि उतिकै सार्न्दभिक देखिन्छ भन्ने निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी :** *लेनिवाद,* लोकतान्त्रिक, समाजवाद, सम्राज्यवाद, संयुक्तमोर्चा, जनवादी

## विषय परिचय

जुन वेला विश्व कम्युनिस्ट आन्दोलन रक्षात्मक रहेको अवस्थामा नेपालमा लोकतान्त्रिक हिसाबले पार्टी सञ्चालन गरिनुपर्छ । संसारका अनुभवबाट शिक्षा लिँदै नेपालमा पनि राष्ट्रिय अन्तरराष्ट्रिय प्रभावले यसको प्रभाव परेको देखिन्छ । खासगरी दोस्रो विश्वयुद्धपछि संसारभर फैलिएको प्रभावले नेपालमा पनि मार्क्सवाद, लेनिनवादको प्रचार बढ्दै गयो । २००६ साल बैशाख १० गते तद्नुसार (सन् १९४९ अप्रिल २२ तारेख) दिन भारतको कलकत्तामा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएको थियो । उक्त दिन कलकत्ताको श्यामबजार इलाका स्थित २८ नम्बर बिल्डिङ्गमा रहेको आँगनमा पुष्पलाल श्रेष्ठ, निरञ्जन गोविन्द बैद्य, नारायण विलास जोशी, नर बहादुर कर्मचार्य र दुर्गादेवी (मोतीदेवी) लिएर पार्टीको सङ्गठन समिति बनेको थियो । पार्टीको स्थापनाको छोटै अवधीमा २०१२ मा नेपाल कम्युनिस्ट पार्टीको क्रियाकलापले तराईमा ठुल ठुला किसान विद्रोह भए । जसका प्रभावले सामन्तहरू निकै आत्तिएको समयमा पार्टीभित्र दक्षिणपन्थी अवसरवाद प्रवेश

* राजनीतिशास्त्र विभाग, त्रि.वि., रत्न राज्यलक्ष्मी क्याम्पस, प्रदर्शनी मार्ग, काठमाडौं । mbhattarai826@gmail.com

भयो। यसले डा. केशरजङ्ग रायमाझीलाई जन्म गरायो र २०१४ सालमा सम्पन्न दोस्रो राष्ट्रिय महाधिवेशनबाट महासचिव नै बनाउन सफल भयो। २०१७ साल पुस १ गते राजा महेन्द्रले चालेको सैनिक "कु"लाई उचित भन्दै प्रतिगमनकारी तथा घोर प्रतिक्रियावादी कदमलाई सही ठहर गरेर दरबारीया कित्तामा सामेल हुन पुगेका डा.केशरजङ्ग रायमाझीलाई २०१९ सालमा सम्पन्न नेपाल कम्युनिस्ट पार्टीको तेस्रो महाधिवेशनले कारबाही गरेर निस्कासन गरेको भए पनि पार्टीभित्र घुस्दै आएको रायमाझी प्रवृत्ति दक्षिणपन्थी अवसरवादलाई परास्त गर्न र सही कार्यनीति निर्क्योल गर्न नसकेको कारण तेस्रो राष्ट्रिय महाधिवेशनबाट निर्माण भएको केन्द्रीय नेतृत्वले सही र सक्षम नेतृत्व प्रदान गर्न सकेन। २०२१-२२ सालतिर नेपाली कम्युनिस्ट आन्दोलन दिशाविहीन बन्न पुग्यो र फुट विभाजन हुँदै छिन्नभिन्न अवस्थामा पुग्यो। एकीकृत नेपाली कम्युनिस्ट आन्दोलन विभाजित हुन पुग्यो। यसै क्रममा २०२५ सालमा पुष्पलालले तेस्रो राष्ट्रिय सम्मेलन गरेर विभाजित नेपाली कम्युनिस्ट आन्दोलनलाई पुनः एकीकृत गर्ने प्रयास गरेका थिए।

२०२७ सालदेखि पार्टीलाई पुनर्गठित गर्ने अभियानमा मोहनविक्रम सिंहले पार्टीलाई पुनर्गठित गर्न अर्को प्रयत्न अगाडि बढाए। उनले तत्कालै पार्टीका विभिन्न हिस्साहरूलाई लिएर केन्द्रीय न्युक्लियस बनाए र त्यसबाट अगाडि बढेर २०३१ सालमा चौथो महाधिवेशन गरी नेपाली कम्युनिस्ट आन्दोलनमा अर्को एउटा चौम समूहको गठन गरे। यसैबिच तत्कालीन पूर्व कोशी प्रान्तीय कमिटिको आह्वानमा २०२८ साल जेठ २ गते झापामा सशस्त्र किसान विद्रोह विस्फोटन भयो। झापा विद्रोहले शिथिल अवस्थामा पुगेको नेपाली कम्युनिस्ट आन्दोलनभित्र नयाँ क्रान्तिकारी उत्साहलाई अगाडि बढाउने काम गऱ्यो। विनातयार र पूर्व योजना विनासशस्त्र सञ्चालन गर्न र सङ्घर्षका भावी योजनासमेत नभएर सशस्त्र सङ्घर्ष सञ्चालन गरिएको हुनाले सशस्त्र झापा विद्रोह छिटै समाप्त भएको थियो। सानो शक्तिले ठुलो शक्तिलाई परास्त गर्न सकिन्छ भन्ने ठहर र विनातयारी गरिएको झापा सशस्त्र किसान विद्रोह नेपाली कम्युनिस्ट आन्दोलनभित्र क्रान्तिकारी कदम भए तापनि उग्र वामपन्थी भड्काउ नै थियो। झापा विद्रोहका क्रान्तिकारीले ३०३२ साल जेठमा पुगेर अखिल नेपाल कम्युनिस्ट क्रान्तिकारी कोअर्डिनेसन कमिटी मालेको गठन गरे। पार्टी पुनर्गठन गर्ने क्रममा मुक्तिमार्चा, रातो झन्डा, दाङको सन्देश समूहबिच एकता भई त्यसैको आयोजनामा २०३५ पुस ११ का दिन नेपाल कम्युनिस्ट पार्टी मालेको पुनर्गठन भयो। ने.क.पा.मालेले २०२८ सालमा विस्फोट भएको झापा सङ्घर्षलाई उग्र वामपन्थी भड्काउ भनेको ठहर गऱ्यो। जसले २०३६/३७ को जनमत सङ्ग्रहमा सशक्त भूमिका निर्वाह गरेको थियो।

झापा विद्रोहको जगमाथि टेकेर जन्मिएको ने.क.पा.माले २०४७ साल पुस २२ गते ने.क.पा.मार्क्सवादीसँग एकता गरी ने.क.पा.एमालेमा परिणत भएर अघि बढ्यो। जसको नेतृत्व जनोता मदन भण्डारीले गर्नुभएको थियो। कम्युनिस्ट आन्दोलनका ऐतिहासिक पात्र जननेता मदन भण्डारी र कुशल सङ्गठक जीवराज आश्रितको, नेतृत्वले कम्युनिस्ट आन्दोलन नेपालको राजनीतिक इतिहामा एउटा उचाइ छोडेर गए त्यही वेला षड्यन्त्रमूलक ढङ्गले दासढुङ्गा हत्या काण्ड भयो। आफू सदाका लागि गए पनि पार्टीलाई एउटा उचाइ र विधि छोडर गए। त्यसको प्रभावले नेकपा एमाले २०५१ सालको मध्यावधि निर्वाचनमा अल्पमतको पहिलो निर्वाचित सरकार मनमोहन अधिकारी कम्युनिस्ट प्रधानमन्त्री बनेर नेपालमा पनि लोकप्रिय सरकारक बनेको अध्ययनले देखाउँछ।

मदन भण्डारी जस्ता महान् नेता र नीतिको अभावमा सिङ्गो पार्टी नै बिचको केही समय दिशाविहीन अवस्थामा भएकाले नेपालको राजनीतिमा उथलपुथल भयो । नेपालको लोकतान्त्रिक आन्दोनल कमजोर भई विकास निर्माणका हिसाबले पछाडि परी देशमा लुट, हत्या, बलत्कार, भ्रष्टचारले सीमा नाग्यो । अस्तव्यस्त नाङ्गो हस्तक्षेप राष्ट्रियता र लोकतान्त्रिक शक्ति कमजोर भई लोकतन्त्र कमजोर भयो । नारायणहिटीभित्र हत्या काण्ड भई तत्कालीन राजाको वंश विनाश भयो । राजा ज्ञानेन्द्र राजा घोषित भए, बागडोर हातमा लिएर जनताका अधिकार खोस्दै निरङ्कुश हुँदै आए । नेकपा एमाले विगतको कमी कमजोरीको समीक्षा गर्दै जनताका बिचमा र माओवादीसँग वार्ता गर्दै अगाडि बढ्ने निर्णय गर्यो । माओवादी पार्टीलाई युद्धबाट सत्ताकब्जा गर्न सकिँदैन भन्ने मनोविज्ञान तथा सरकार पक्षलाई बल प्रयोगले माओवादीको आकार घटाउन नसकिले मनोविज्ञान । दुवै कारणले आन्दोलनलाई थप टेवा थपियो । आन्दोलन चरम उत्सर्कमा पुग्दा जनता र पार्टीको विजयले नयाँ रूप लियो । यो विश्व चर्चित आन्दोलन पनि थियो । लाखौं नेपालीको सहभागिता भएको नेपाली राजनीतिको ऐतिहासिक क्षण नै हो । नेपाली राजनीतिक रङ्गमञ्चमा यसले नयाँ आयाम थपेको देखिन्छ । कम्युनिस्ट पार्टीका लागि र नेपाली जनतका लागि लोकतान्त्रिक शक्तिका लागि महत्त्वपूर्ण अवसरको रूपमा लिन सकिन्छ ।

लोकतान्त्रिक आन्दोलनका बलमा संविधान सभाको निर्वाचनमा पहिलो शक्तिको रूपमा कम्युनिस्ट पार्टी नै विजय भयो । चौथो महाधिवेशनबाट आफ्नो क्रान्तिकारी यात्रा सुरु गरेर ने.क.पा.(मशाल), ने.क.पा.(एकता केन्द्र) हुँदै २०५१ सालमा पुगेर छोटो समय भए पनि पार्टीलाई एउटा गतिमा लैजान र कम्युनिस्ट पार्टीको भूमिका सशक्त र मजवुत बनाएको हाल ए.ने.क.पा.माओवादीमा केन्द्रमा परिणत भएको देखिन्छ । यसको नेतृत्व प्रचण्डले गरेकाछन् । पार्टी संविधान सभाको पहिलो निर्वाचनमा पहिलो पार्टी भई पुष्पकमल दाहाल (प्रचण्ड) गणतन्त्र नेपालको प्रथम प्रधानमन्त्री बने प्रचण्डको नेतृत्वमा एमाले लगायतका अन्य दलको संयुक्त सरकार वन्यो । काङ्ग्रेस बाहेकको गठबन्धन बन्यो । गणतन्त्र नेपालको घोषणा, सङ्घीयता र धर्मनिरपेक्षता ऐतिहासिक कार्य भए पनि शान्ति र संविधान लेखन कार्य भएन । पूर्व प्रशासकहरूको नेतृत्वको सरकार गठन भई मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीको नेतृत्वको सरकारले दोस्रो संविधान सभाको चुनाव सम्पन्न गराएको थियो । संविधान सभाको दास्रो निर्वाचनबाट नेपाली काङ्ग्रेस पहिलो, नेकपा एमाले दोस्रो, नेकपा माआवादी तेस्रो भए । संविधान निर्माणमा भारतसँगको नाकाबन्दी डटेर सामना गरी नेकपा एमालेको नेतृत्वको पहल कदमीमा सबै दलसँगको परामर्श गरेपछि संविधान निर्माण भएको देखिन्छ । नेपालको संविधान २०७२ को निर्माण गरी २०७४ को आम निर्वाचनमा नेकपा एमाले र नेकपा माओवादी केन्द्रको चुनावी तालमेलले झन्डै दुई तिहाइ नजिकको कम्युनिस्ट पार्टीको सरकारले दुई पार्टी एकता गरी नेकपा निर्माण भएपछि छिमेकी देश चीनसँग पारवहान सम्झौता, नेपालको भूमिको चुच्चे नक्सा प्रकाशन संसद्मा अभूतपूर्व एकता लगायत विकास निर्माणका कार्य गरी नेपालको राजनीतिमा ऐतिहासिक कार्य गरेको देखिन्छ । लोकतान्त्रिक विधिविनाको एकता साढे तीन वर्षसम्म मात्र टिकेर पुनः पार्टी आफ्नो बाटोतिर लागि देशलाई केही समय अस्थिर अन्यौल बनाएको देखिन्छ । त्यसपछिको समय जबज बाहेकका अन्य दलको गठबन्धन भई चुनावमा समेत गठबन्धनको बन्यो । २०७९ को निवाचनबाट फेरि जनाताको बहुदलीय जनवादमाथि चौतर्फी घेराबन्दी भए पनि सशक्त प्रतिपक्षमा रही रचनात्मक कार्य गरी देशलाई एउटा गतिलो सन्देश दिँदै समृद्ध नेपाल, सुखी नेपाली निर्माणमा खबरदारी गर्नुपर्ने देखिन्छ ।

## अनुसन्धान विधि

प्रस्तुत लेख अनुसन्धानमूलक भएका कारण यसमा प्राथमिक र सहायक स्रोतको उपयोग गरिएको छ । त्यस्ता स्रोतहरूमा विभिन्न पुस्तक, बुक, नेताहरूका विशेष अन्तर्वार्ता, विशेष संवाद तथा पार्टी र पार्टी जीवनका महत्त्वपूर्ण नीति निर्णयलाई पनि समावेश गरिएको छ । प्राथमिक स्रोतहरूमा जबजको मूल दस्तावेज र समकालीन नेताहरूसँग अन्तर्वार्ता पनि लिइएको छ । प्रस्तुत लेखमा वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ ।

## नेपालको राजनीतिक परिवर्तनमा कम्युनिस्ट पार्टीको ऐतिहासिक भूमिका

राण शासन विरुद्ध, पञ्चायत विरुद्धको आन्दोलनमा २०६२/६३ को जन आन्दोलनमा नेतृत्वदायी भूमिका देखिन्छ । २००४ सालको विराटनगर मजदुर आन्दोलनको नेतृत्व मनमोहन अधिकारीले गरे जसले थप मजवुत पार्दै २०३६/३७ को जनमत सङ्ग्रहको वेलाको भूमिका बलियो बनाउँदै पञ्चायतलाई कमजोर बनाउन पनि वामपन्थीको सहायक निर्णायक भूमिकाले २०४६ सालको आन्दोलनको सफलता र २०४७ सालको संविधान निर्माणमा निर्णायक भूमिका खेलेको देखिन्छ । जननेता मदनले आलोचनाका २७ बुँदा पेस गरी नेपालको राजनीतिक परिवर्तनमा दुरगामी भूमिका निर्वाह गरेको देखिन्छ ।

२०६२/६३ को जन आन्दोनलदेखि हालसम्मको भूमिका यहाँ प्रस्ट पार्ने कोसिस गरिएको छ । ने.क.पा.माले र मार्क्सवादी एकीकरण भई नेकपा (एमाले) बनेपछि चौँथो राष्ट्रिय महाधिवेशनको निर्णय अनुसार नेपालमा संयुक्त जन आन्दोलन सम्पन्न भई जन आन्दोलनका मुख्य दुई कार्यभारमध्ये पहिलो कार्यभार संविधान निर्माणको काम सम्पन्न भइसकेको थियो (के.सी., २०६६, पृ. ४५) । २०४७ को संविधान निर्माणमा ने.क.पा.( एमाले) को महत्त्वपूर्ण भूमिका छ । सक्रिय राजतन्त्रको पक्षपोषणमा संविधान निर्माणको षड्यन्त्रप्रति खबरदारी गर्दै नेकपा (एमाले) का महासचिव मदन भण्डारीले स्पष्ट उल्लेख गर्नुभएको छ, २०४६ सालको जुन त्रिपक्षीय सम्झौता हो, त्यसलाई पालना गरेर यदि राजा ढुक्कसँग कुनै हात नलम्काइकन, आँखा नचम्काइकन बसिरहन्छन् भने अहिले हामीलाई केही आपत्ति छैन । राजा मान सम्मान पाएर बसिरहुन... यो बाध्यताको कुरा हो र बाध्यतापूर्वक नै सम्झौता गरिएको भए पनि हामी वचनबद्धताप्रति फेरि इमानदार भएर उभिन चाहान्छौँ । "मान सम्मानलाई उपयोग गर्दै किनारामा बसिबक्स्योस् महाराज ! हात नलम्काइ बक्स्योस् ! यदि सुण्ड-मुसुण्डहरूलाई नै चलाउने हो भने, यदि तिनीहरूलाई नै अगाडि लिएर आउने हो भने महाराजले पनि श्रीपेच उतारेर सिंहासनमा राखी मैदानमा नेता भएर आउनुपर्‍यो, ता कि प्रतिद्वन्द्वीता गर्न सकियोस् (भण्डारी, २०५२, पृ.१४५) । देशको लोकतान्त्रिक परिर्वतनका लागि, जनताको, न्याय र समानताका लागि आवश्यक पर्दा हामी मृत्यु, तानाशाहसँग पनि डराउँदैनौँ भन्ने सर्न्दभमा उल्लेख गरेको देखिन्छ ।

२०४७ कार्तिक २३ गते जारी गरिएको संविधानका सन्दर्भमा ने.क.पा. (एमाले) का महासचिव मदन भण्डारीले आलोचनाका २७ बुँदा सार्वजनिक गरी संविधान जारी हुनुपूर्व त्यसलाई सच्याउनका लागि निकै जोड दिनुभएको

थियो । संविधान जारी भएपछि एकथरि राजनीतिक दलले त्यसलाई विश्वकै उत्कृष्ट संविधान भनेर स्वागत गरेका थिए भने अर्कोतिर राजनीतिक दलहरूले त्यसलाई कालो संविधान भनेर जलाएका थिए । वास्तवमा त्यो संविधान २०४६ को जन आन्दोलनको त्रिपक्षीय शक्ति सन्तुलनको दस्तावेज थियो, न त राजाले चाहे जस्तो थियो न वाममोर्चाले चाहे जस्तो । मदन भण्डारीले जुन जुन कमजोरी देखाउनु भएको थियो । तिनै कारणले गर्दा त्यो संविधान दिगो हुन सकेन । पुनः स्थापित प्रतिनिधि सभाको घोषणा (जेठ ४, ०६३) ले पनि यसको पुनः पुष्टि गऱ्यो । राजा वीरेन्द्रको वंश विनासपछि उनका भाइ ज्ञानेन्द्रले तिनै संविधानका धारामा टेकेर निरङ्कुश राजतन्त्रको अभ्यास गरेका थिए ।

२०६२-०६३ को जन आन्दोलनमा २०५८ जेठ १९ गते राजा वीरेन्द्रको वंश विनास भएपछि राजा ज्ञानेन्द्रले सक्रिय भई २०५९ असोज १८ गते जन निर्वाचित नेपाली काङ्ग्रेसको सरकारलाई अपदस्त गरी राजनीतिक दलहरूलाई मिलेर प्रधानमन्त्रीको नाम दिन आदेश दिए । असोज २५ मा लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्री बनाए । राजाको असोज १८ को कदमको नेकपा (एमाले) ले सबैभन्दा पहिला विरोध गरेको थियो । असोज १९ गते नेकपा (एमाले) का भ्रातृ सङ्गठन अनेरास्ववियु, प्ररायुसङ्घको नेतृत्वमा काठमाडौँ लगायत देशका विभिन्न भागमा विरोध प्रदर्शन गरेका थिए । राजा ज्ञानेन्द्रले असोज १८ मा शाही कदम चाल्नुपूर्व माओवादीको सशस्त्र युद्धका विरुद्धमा नेपाली काङ्ग्रेसको सरकारले सङ्कट काल लगाएको थियो । सङ्कट काल लम्ब्याउने/नलब्याउने विषयमा भएको नेपाली काङ्ग्रेसभित्रको अन्तरकलहको पृष्ठभूमिमा तत्कालीन प्रधानमन्त्री देउवाले संसद् विघटन गरेका थिए र नयाँ निर्वाचनको घोषणा गरिएको थियो । घोषित मितिमा निर्वाचन हुन नसक्ने भन्दै दलहरूले चुनाव सार्न सिफारिस गरेपछि देशमा संवैधानिक जटिलताहरू उत्पन्न भएका थिए । संवैधानिक समस्या, देशमा देखिएका आर्थिक, सामाजिक र राजनीतिक समस्या समाधानका लागि नेकपा (एमाले) ले २२ बुँदे विशेष प्रस्तावसमेत राखेको थियो (भण्डारी, २०५२, पृ.१६५) । त्यसै सिलसिलामा काठमाडौँको खुलामञ्चमा ५ राजनीतिक दलको संयुक्त आमसभा समेत गरी समस्या समाधानमा एकजुट हुने घोषणा गरिएको थियो ।

नेकपा (एमाले) ले आन्दोलनको संयोजन गरेको थियो । नेकपा (एमाले) को सातौँ महाधिवेशन (०५९ माघ १८-२३, जनकपुर) बाट राज्यको निरङ्कुशताको विरुद्ध अन्य पार्टीहरूसँग मिलेर संयुक्त आन्दोलन गर्ने नीति अगाडि साऱ्यो । नेकपा(एमाले) कै पहलमा २०६० बैशाख ११ गते नेपाली कांग्रेस, जनमोर्चा, नेमकिपा र नेपाल सद्भावना पार्टी, (आ) बिच संयुक्त जन आन्दोलन गर्ने सहमति बन्यो । आन्दोलन सञ्चालन गर्न नेकपा (एमाले) ले छुट्टै आन्दोलन संयोजन समिति समेत बनायो । नेकपा एमाले पार्टी केन्द्रीय कमिटीको नवौँ बैठक २०६२ भाद्र १२ गते वसेको वैठकले निर्णय पछि राष्ट्रव्यापी रूपमा पार्टी आन्दोलनमा होमियो । अन्य दलहरूसँग पनि आन्दोलनको मोर्चा बनाउने र न्यूनतम साझा कार्यक्रम बनाउन पहल गऱ्यो । नेपाली काङ्ग्रेस र नेपाली काङ्ग्रेस प्रजातान्त्रिकबिच निकै कटुता थियो । यी दुई पार्टीसँगै बस्न नसक्ने अवस्थामा थियो । लामो समयसम्म छलफल भेटघाट चलाएपछि दुई पार्टीसँगै बस्ने स्थिति बन्यो । नेमकिपा, सद्भावना, जनमोर्चा नेपालल गायत संयुक्त सङ्घर्षमा जाने र त्यसका लागि विघठित संसद् पुनः स्थापनालाई प्रस्थानविन्दु र संविधान सभालाई निकाश विन्दु बनाउने सहमति भयो (के.सी., २०६६, पृ. ४५)। सात दलका तर्फबाट संयुक्त जन आन्दोलन सुरु भयो २०६२ सालमा नेकपा(एमाले)को नवौँ बैठक बसी निरङ्कुश राजतन्त्रको अन्त्य गरौँ संविधान सभामार्फत पूर्ण प्रजातन्त्रको स्थापना गरौँ भन्ने कार्यनीतिक नारा अगाडि साऱ्यो । नवौँ बैठक

नेकपा माओवादीलाई शान्तिपूर्ण आन्दोलनमा आउन आह्वान गर्दै वार्ता गर्ने निर्णय गऱ्यो । उक्त बैठकले आमाको नामबाट पनि नागरिकता पाउने, राजनीतिक, सामाजिक जीवनका विविध क्षेत्रमा ३३% महिला सहभागिता बढाउने, सम्पत्तिमा छोरीको पनि समान अधिकार, सामाजिक तथा सांस्कृतिक विभेदको अन्त्य गर्ने विषयलाई अगाडि बढाउने निर्णय गऱ्यो । नवौं बैठक अघि र पछि रोल्पामा नेकपा (एमाले) र नेकपा माओवादीका बिच वार्ता भयो । उक्त वार्ताले सयुक्त आन्दोलन गर्ने ६ वटा निर्णय गर्दै अन्य राजनीतिक दलहरूसँग संयुक्त वार्ता र समझदारी गरी अघि बढ्ने निर्णय गऱ्यो । नेकपा (एमाले) ले देशका मुख्य सहर काठमाडौं, विराटनगर, बुटवल, नेपालगञ्ज र धनगढीमा विशाल जनसभा गर्ने निर्णय गऱ्यो । मङ्सिर ४ गतेदेखि बुटवलबाट सुरु भएका आमसभामा जन लहर उर्लियो तत्कालीन शाही सेनाले रोक्दा समेत हजारौं हजारका जुलुस सहित विशाल ऐतिहासिक सभा भए । यी सभाहरूले आन्दोलनकारीहरूको मनोबल उठाउने र आन्दोलनमा जनसहभागिता बढाउने काममा महत्त्वपूर्ण भूमिका खेल्यो ।

लोकतान्त्रिक शान्तिपूर्ण आन्दोलनको जगले २०६२ मङ्सिर ७ गते सात राजनैतिक दल र नेकपा माओवादीका बिच दिल्लीमा बाह्र बुँदे सहमति भयो । समझदारीपछि आन्दोलनले अझ तीव्रता लिन थाल्यो । देशव्यापी लोकतान्त्रिक आन्दोलनको आँधीबेहेरी सिर्जना गर्ने ऐतिहासिक निर्णय बन्यो । २०६२ माघ २६ गते राजाले आफ्नो वैधानिकताको लागि निर्वाचन गर्ने घोषणा गरे । त्यो नौटङ्की निर्वाचन सात दलले बहिष्कार गर्ने घोषणा गऱ्यो । निर्वाचन बहिष्कार गर्ने क्रममा सेनाले गोली चलाउँदा नेकपा एमाले दाङका जिल्ला परिषद् सदस्य उमेशचन्द्र थापाको मृत्यु भयो । त्यसपछि आन्दोलन अझै चर्कंदै गयो (के.सी., २०६६, पृ. ५५) । सात दलको आह्वानमा २०६२ चैत्र २४ गतेदेखि अनिश्चित कालीन आम हड्ताल सुरु भयो । अन्ततः आम हड्तालको अगाडि राजा ज्ञानेन्द्र झुक्न बाध्य भई २०६३ बैशाख ११ गते विघटित संसद्को पुनर्स्थापना भएको घोषणा गरे । शान्तिपूर्ण जन आन्दोलन सफल भयो । आन्दोलनका क्रममा २५ जनाले साहदत प्राप्त गरे । आन्दोलनमा विचार दिने अन्य ६ दललाई संयुक्त रूपमा गोलबन्द गर्ने माओवादी समेतलाई आन्दोलनको पक्षधर शक्ति बनाउने र आन्दोलनको मोर्चाको नेतृत्व गर्ने महत्त्वपूर्ण कार्य गरी नेपालको राजनीतिक लोकतान्त्रिक परिवर्तनमा (जबज) पक्षको नेकपा एमालेको नेतृत्वदायी समन्यकारी र अन्य वामपन्थी पार्टी नेपाली काङ्ग्रेस लगायतको महत्त्वपूर्ण भूमिका निर्वाह गऱ्यो ।

**कम्युनिस्ट आन्दोलनको लोकतान्त्रीकरण :** विश्वको कम्युनिस्ट आन्दोलन क्षतविक्षत् अवस्थामा थियो । रसियाको ७२ वर्षको समाजवादी व्यवस्था मात्र ढलेर, देश नै टुक्रा टुक्रा भएको थियो । पूर्वी युरोपका समाजवादी व्यवस्थाहरू पनि ढलिरहेका थिए । यसरी संसारको कम्युनिस्ट आन्दोलनले ठुलो धक्का खाएको थियो । कम्युनिस्ट आन्दोलनले धक्का खानुको कारण खासमा कम्युनिस्ट आन्दोलनको गैरलोकतान्त्रिक चरित्र हुनु नै थियो । अहिलेसम्म विश्व कम्युनिस्ट आन्दोलनमा तीन प्रवृत्तिहरू देखिएका छन् :

-जडसूत्रवादी - गैरलोकतान्त्रिक प्रवृत्ति ।

-दक्षिणपन्थी- विसर्जनवादी प्रवृत्ति ।

-सही मार्क्सवादी- क्रान्तिकारी प्रवृत्ति, लोकतान्त्रीकरण क्रान्तिकारी प्रवृत्ति ।

कम्युनिस्ट आन्दोलनको जड्सूत्रवादी, सङ्कीर्णवादी र गैरलोकतान्त्रिक प्रवृत्ति यो पुरानो प्रवृत्ति हो । जति वेला संसारका प्रायः सबै देशमा निरङ्कुश शासनहरू थिए, हालको जस्तो प्रविधिको विकास पनि भएको थिएन । त्यस्तो समयमा कम्युनिस्ट पार्टी स्थापना गर्ने र निरङ्कुशताका विरुद्ध सशस्त्र सङ्घर्ष गर्न सफल भएपछि एक दलीय तरिकाले कथित सर्वहारा वर्गीय अधिनायकत्वका नाममा एउटा पार्टी त्यसमा पनि त्यसको केन्द्रीय कमिटी, पोलिटब्युरो र त्यसमा पनि पार्टी प्रमुखले सम्पूर्ण राज्यसत्ता र पार्टी दुवैको नेतृत्व गर्ने, त्यही व्यक्ति बाँचुन्जेल प्रमुख भइरहने, जन अनुमोदित नहुने र आफ्नो असफलता पश्चात् आफ्नै छोरा नातिलाई पार्टी र राज्यको नेतृत्व सुम्पिने कार्य भएको पाइन्छ । जसले आफूलाई सही मार्क्सवादी क्रान्तिकारी भनेर कम्युनिस्ट पार्टीको बदनाम गरिरहेका छन् । दोस्रो प्रवृत्ति दक्षिपन्थी विसर्जनवादी प्रवृत्ति जसले कुरा मार्क्सवादी र क्रान्तिकारी गर्ने तर नीति, विचार र व्यवहारमा यथास्थितिवादमै रम्ने प्रत्येक्ष अप्रत्यक्ष रूपमा परिवर्तनका विरोधी शक्तिहरूसँग साँठगाँठ गर्ने कार्य गर्छ । तेस्रो सही मार्क्सवादी क्रान्तिकारी प्रवृत्ति हो । जुन अरू दुई प्रवृत्तिभन्दा कान्छो पनि हो । नेपालको सन्दर्भमा यसको नेतृत्व नेकपा (एमाले) ले गरेको छ । चौँथो महाधिवेशनबाट क्रान्तिको अवधारणाको रूपमा पाँचौं महाधिवेशनबाट क्रान्तिको कार्यक्रमका रूपमा र छैटौं सातौं, आठौं नवौं र दसौं महाधिवेशनबाट मार्गदर्शक सिद्धान्तका रूपमा विकास भएको "जनताको बहुदलीय जनवाद" कम्युनिस्ट आन्दोलनमा लोकतान्त्रीकरणको विशिष्ट कार्यक्रम हो ।

जनताको बहुदलीय जनवादले "जडसूत्रवाद र विसर्जनवादको विरोध गरौँ" भन्ने नाराका साथ कम्युनिस्ट आन्दोलनको लोकतान्त्रीकरणको दिशा अवलम्बन गरेको छ । जबजले नीति, विचार, कार्यक्रम र सङ्गठन सबैको लोकतान्त्रीकरणमा जोड दिँदै थप विशेषता निम्नानुसार सारेको छ :

| | |
|---|---|
| १. संविधानको सर्वोच्च | ९.जनताको बहुदलीय जनवादको सुदृढीकरण |
| २. बहुलवादी खुला समाज | १०. विदेशी पुँजी र प्रविधि |
| ३. शक्ति पृथ्वीकरणको सिद्धान्त | ११.क्षतिपूति |
| ४. मानव अधिकारको रक्षा | १२. विदेश नीति |
| ५. बहुदलीय प्रतिस्पर्धाको प्रणाली | १३.नेतृत्व र अधिनायकत्व |
| ६. आवधिक निर्वाचन | १४.जनताको बहुदलीय जनवाद |
| ७. बहुमतको सरकार अल्पमतको विपक्ष | |
| ८. कानुनको शासन | . |

यी यसका थप मुख्य विशेषता हुन् । जबजको ओलाकमा नेकपा (एमाले) ले आफ्नो सङ्गठन संरचनामा पनि सामूहिक नेतृत्व प्रणाली अवलम्बन गरेर कम्युनिस्ट आन्दोलनको वैचारिक, साङ्गठनिक र कार्यक्रमिक रूपमा

लोकतान्त्रिकरणको पुष्टि गरेको छ । जुन कुरा पार्टीको हालसम्मका महाधिवेशनले थप प्रस्ट पारेको देखिन्छ ।

**शान्तिप्रक्रिया र संविधाननिर्माणमको भूमिका :** खासगरी यस अध्ययनमा वर्तमान अवस्थाको व्यवस्थापनमा जबजको भूमिका के छ भन्ने विषयमा चर्चा केन्द्रित गर्दा सान्दर्भिक होला । वर्तमान मुख्य पाटा शान्ति प्रक्रिया माफर्त राजनीतिक स्थायित्व र संविधान कार्यान्वयनको विषय हुन् । खासमा माओवादी हिंसात्मक आन्दोलनको समूल रूपमा अन्त्य भएको अनुभूति दिलाइ राजनीतिक स्थायित्व नेपाली जनतालाई दिलाउन सक्नु शान्ति प्रक्रियाले पूर्णता पाउनु हो । नेकपा(एमाले) ले हिजोको कहालीलाग्दो हिंसात्मक अवस्थामा नेकपा माओवादीसँग वार्ता र सहमति गरेर शान्तिपूर्ण राजनीतिको मूल धारमा ल्याउन महत्त्वपूर्ण भूमिका खेलेको र संविधान सभाको दोस्रो निर्वाचनमा नेकपा एमाले दोस्रो तथा एनेकपा माओवादी तेस्रो शक्तिको रूपमा देखिएका छन् । संविधान सभा मार्फत नेपालको संविधान २०७२ निर्माण । २०७४ को निर्वाचनमा नेकपा एमाले पहिलो र माओवादी केन्द्र तेस्रो र २०७९ को निर्वाचनमा नेपाली काङ्ग्रेस पहिलो नेकपा एमाले द्रोसो भए पनि जनमतमा भने पहिलो भएको छ भने माओवादी केन्द्र तेस्रो भई चौँथो रास्वपा, पाँचौँ राप्रपा लगायत सात पार्टी राष्ट्रिय पार्टीको रूपमा संसद्मा देखिएका छन् (के.सी., २०६६, पृ. १५५) । यसले संविधान कार्यान्वयन गरी देशको विकास गर्ने विषय हो । उद्योगधन्दा, कलकारखाना खोली नेपालमा रोजगारीको सृजना गरी सबै खाले विभेद अन्त्य गरी समृद्ध नेपाल, सुखी नेपाली बनाउनमा नेपाली जनतालाई गोलबन्द गरी नेतृत्व दिन आवश्यक देखिन्छ ।

## नेपाली राजनीतिक परिवर्तनको पछिल्लो काल (२०५८-२०८० सम्म)

ने.क.पा.माओवादीले चलाएको जनयुद्ध अगाडि बढिरहेको वेला २०५८ जेठ १९ गते तत्कालीन राजा वीरेन्द्रको सपरिवारको विभत्स हत्या गरियो । वीरेन्द्रको वंश विनास सम्बन्धी जाँचबुझ गर्न बनेको आयोगले उक्त घटना तत्कालीन युवराज दीपेन्द्रले गराई स्वयम् आत्महत्या गरेको निष्कर्ष निकाले तापनि माओवादीले स्वदेशी विदेशी उक्साहट र षड्यन्त्रमा तत्कालीन अधिराज कुमार ज्ञानेन्द्रले नै गरेको निष्कर्ष निकालेको थियो । "यो हत्याकाण्डलाई राजपरिवारभित्रको सामान्य परिवारिक कारणबाट उत्पन्न हुन गएको घटना वा स्वचालित हतियारको विस्फोटनको कारण उत्पन्न दुर्घटना भनेर बहुप्रचारित गरिएको भए पनि राजनैतिक षड्यन्त्र हुनसक्ने प्रबल सम्भावना रहेकाले त्यसप्रति र त्यसबाट उत्पन्न हुन सक्ने परिणामहरूप्रति गम्भीर हुन हाम्रो पार्टी सम्पूर्ण देशभक्त तथा जनपक्षीय शक्तिहरू र आम जनसमुदायसँग हार्दिक अपिल गर्दछ ।" २०५८-०३-०१ तेस्रो वक्तव्य निकालेर नेपालमा राजतन्त्रको औचित्यहीनता पुष्टि भएको र देशको शासन व्यवस्थाको बारेमा जनता स्वयम्ले फैसला गर्नुपर्ने स्थितिको विकास भएको कुरामा जोड दिँदै छानविन समितिको प्रतिवेदनलाई धोखा भनियो र सम्पूर्ण देशभक्त तथा जनपक्षीय शक्तिहरूलाई एक हुन आह्वान गर्दै राष्ट्रियता एवम् जन अधिकारका रक्षाका निम्ति सङ्घर्ष गर्ने अपिल गऱ्यो । फलत: आफू राजा भएको दुई महिनापछि नै तत्कालीन राजा ज्ञानेन्द्रले गिरिजाप्रसाद कोइरालालाई प्रधानमन्त्रीको कुर्सीबाट ओराल्न सफल भए । त्यसपछि शेरबहादुर देउवा नयाँ प्रधानमन्त्री भएपछि उनले व्यावहारिक रूपमै ने.क.पा.(माओवादी) लाई वार्ताका निम्ति आह्वान गरे । ने.क.पा.(माओवादी) ले यस अघि नै वार्ताका निम्ति तत्परता देखाइसकेको

थियो । देउवाको आह्वानपछि स्वाभाविक रूपमा “माओवादी” ले त्यसप्रति सकारात्मक प्रतिक्रिया जनायो । वार्ताको आह्वान गरिएको दिन दुवै पक्षबाट युद्ध विरामको घोषणा भयो । दुवै पक्षले बन्दीहरूलाई रिहा गर्ने कार्य सुरु गरेपछि लगातार तीन चरणमा सरकारको र माओवादी वार्ता टोलीका बिचमा शान्तिवार्ता चलेको भए तापनि अन्ततः त्यो विफल हुन पुग्यो । त्यसको लगतै माओवादी पार्टीले २०५८ मङ्सिर ८ का दिन दाङको सदरमुकाम धोराही र स्याङ्जाको सदरमुकाम पुतली बजारमाथि भीषण हमला गरे । घोराहीको आक्रमण छापामारको सेनामाथिको पहिलो आक्रामण थियो । यो आक्रमणबाट माओवादीलाई उल्लेखनीय मात्रामा हतियार र गोला बारुद्ध प्राप्त भयो । माओवादीको युद्धको मुख्य प्रविधि चाहिँ “युद्धबाट युद्ध सिक्ने” सिद्धान्तमा आधारित रहेको देखियो । त्यसपछि देउवा सरकारले सङ्कट कालको घोषणा गर्दै माओवादी विरुद्धको लडाइँमा तत्कालीन शाही नेपाली सेनालाई उतार्‍यो । देउवा सरकारले सङ्कट कालको मिति लम्ब्याउन असफल भएपछि राजाकै इसारामा जेठ ८ गते संसद विघटनको सिफारिस गर्नपुगे । राजाले पनि कार्तिक २७ गतेलाई मध्यावधि घोषणा गरे तर मुलुक गम्भीर गृहयुद्धमा फसेको उक्त परिस्थितिमा चुनाव हुन सक्ने कुनै आधार थिएन । नभन्दै असोज १७ गते संसद्वादी दलहरू राजासमक्ष एक वर्षका लागि चुनाव सार्न अनुरोध गर्न पुगे । उक्त अवसर कुरेर बसेका राजा ज्ञानेन्द्रले देउवालाई “निर्वाचन गराउन असक्षम” प्रधानमन्त्री भन्ने आरोप लगाई उनलाई बर्खास्त गरेर असोज १८ गते मुलुकमा नाङ्गो. शासन लाद्न पुगे ।

यसरी दोस्रो युद्ध विरामलाई पनि स्थायी युद्ध विराममा परिवर्तन गर्न सकिएन । सत्तापक्षको माओवादीलाई लुटपट्याएर संसदीय मूल प्रवाहमा छिराउने कुटिल चालवाजी थियो । असोज १८ पछि गठित मनोनीत सरकार पूर्व पञ्चकै भएको हुँदा वार्ता तीन चरणमा चलेपछि व्यर्थ भयो । किनभने दोस्रो वार्ताको तेस्रो चरणको वार्ता दाङको हापुरे गा.वि.स. मा २०६० साउन ३२ का दिन चलिरहेकै वेला शाही सेनाले रामेछापको दोरम्बामा माओवादीका जिल्ला जनसरकार प्रमुख बाबुराम तामाङ सहित २० जना माओवादी कार्यकर्ता र एक जना स्थानीय सर्वसाधारणको हत्या गरेपछि सरकारको नियत शङ्कास्पद देखियो । सरकार, माओवादीको सहमतिमा माघ २९ गते जारी आचार संहिताको पनि विपरीत भयो । माओवादीलाई दमनद्वारा नै समाप्त पार्ने रणनीति थियो । २०६० भाद्र १० गते माओवादीले वार्ता र युद्ध विराम भङ्ग भएको घोषणा गर्‍यो । त्यसै दिन काठमाडौँमा सेनाका कर्णेल किरण बस्नेत गोली ठोकी मारिए । सर्वत्र हमला गर्न थालियो, राज्यपक्ष र माओवादी दुवै पक्षबाट भीषण हमला आक्रमण भए । यसपछिका २ वर्ष (२०६०-०६२) मा यति सघन आक्रमणका घटना भए । माओवादीले “ढाडमा टेकेर टाउकोमा हिर्काउने” नीति अनुसार आक्रमणको वेग तीव्र गतिका साथ अघि बढेको थियो । राजाले शासनाधिकार आफ्नो हातमा लिएपछि राजनैतिक ध्रुवीकरण अझै तीव्र बनेको थियो । त्यसको कारण दल माओवादी सहकार्य सम्भावना पनि बढिरहेको थियो । माओवादी पार्टीको राजनीतिक एवम् पार्टी संयन्त्रमा मात्र नभई सैन्य संयन्त्र पनि देशभरि चुनौती बनिसकेको थियो । अन्ततः माघ १९ का दिन राजा ज्ञानेन्द्रले देउवा सरकार हटाई राज्याधिकार स्वयम् आफ्नो हातमा लिई सेनाको बलमा प्रत्यक्ष शाही शासन सुरु गरे । जुन घटनाले राजनीतिक दल र नेकपा माओवादीलाई नजिक बनाउन सहयोग पुग्यो । नेकपा माओवादी युद्धबाट सत्ता कब्जा हुन नसक्ने अड्कलमा भएको वेला ज्ञानेन्द्रको महत्त्वकाङ्क्षाले दलहरूलाई थप सङ्गठित हुने नजिक बनाउने विषयमा सहयोग गरी दलको संवादको ढोका खुला भई १२ बाह्र बुँदे सहमति भएको देखिन्छ ।

## निष्कर्ष

नेपालको लोकतान्त्रिक परिवतर्नमा कम्युनिस्ट पार्टीको ऐतिहासिक भूमिका रहेको छ । राणा शासनका विरुद्धको आन्दोलन वा अन्य आन्दोलनमा जनताको बहुदलीय पक्षधरको लोकतान्त्रिक आन्दोलनमा लोकतान्त्रिक विधि पद्धति, शैली र सहभागिताका लागि नेपालको राजनीतिक परिर्वतनमा लोकतान्त्रिक शक्तिको एकता र रूपान्तरणमा जनतावको बहुदलीय जनवादीहरूको भूमिका ऐतिहासिक नै देखिन्छ । जसले नीति र नेतृत्व प्रधान हो भन्ने विषयमा नेपालको राजनीतिक लोकतान्त्रिक आन्दोलनमा महत्त्वपूर्ण भूमिका रहेको छ । करिव सात दशक लामो आन्दोलनले नेपाली समाजको सामन्तवादको नाइके राजतन्त्रलाई लोकतान्त्रिक विधिबाट अन्त्य गराई गणतन्त्र नेपालको निर्माण गरी दलाल नोकर शाही चरित्रको अन्त्यका लागि आन्दोलन निरन्तर अगाडि बदाउँदै गएको देखिन्छ । जनताको बहुदलीय जनवाद नै प्रतिस्पर्धाबाट श्रेष्ठता हासिल गर्ने लोकतन्त्रको उच्चतम विधि मार्फत सरकार सञ्चालन गर्ने मान्यता स्थापित गरी सुखी नेपाली, समृद्ध नेपाल निर्माणमा निरन्तर अगाडि बढ्ने सबै दलसँग सहकार्य गर्दै राजनीतिक अस्थिरताको अन्त्य गरी देश निर्माणमा लाग्नु पर्ने देखिन्छ । दिगो विकासको लक्ष्य पूरा गर्न सबै राजनीतिक दलहरू एक ठाउँमा रहेर लोकतान्त्रिक विधिको वैज्ञानिक प्रयोग गरी राज्य र पार्टीको लोकतान्त्रिकीकरणमा जनताको बहुदलीय जनवादको नेतृत्वदायी भूमिका रहेको पाउन सकिन्छ ।

## सन्दर्भ सामग्री सूची


के.सी., हस्त बहादुर (२०६६). 'कम्युनिस्ट आन्दोलन २ कित्तामा'. *जनादिशा.* २३ कार्तिक ।

के.सी. हस्त बहादुर (२०६५). *नेपालमा कम्युनिस्ट आन्दोलनको इतिहास भाग-३.* विद्यार्थी पुस्तक भण्डार ।

ढकाल, घनेन्द्र पुरुष (२०४६). *जन आन्दोलन.* पृ. १२ ।

भण्डारी, मदन, (२०५२). *सङ्कलित रचनाहरू भाग १.* मदन आश्रित प्रतिष्ठान ।

मिश्र, शिवकुमार (सन् २०१०). *मार्क्सवादी साहित्य चिन्तन : इतिहास तथा सिद्धान्त.* वाणी प्रकाशन ।

आयोग, निर्वाचन, निर्वाचन प्रतिवेदन, (काठमाडौं, २०४९), पृ. ५७,

आयोग, निर्वाचन प्रतिवेदन, २०५६

एमाले नेकपा, आठौँ राष्ट्रिय महाधिवेशनमा प्रस्तुत राजनीतिक प्रतिवेदन, (५-१४ फागुन बुटवल) पृष्ठ ८७

गर्जन, श्वेतशार्दुल, २०४७, पृष्ठ १९५

तत्कालीन कार्य नीति जनताको बहुदलीय जनवादको, (नेकपा एमालेको छैटौँ राष्ट्रिय महाधिवेशन नेपागञ्जमा पारित, २०५४ फागुन १२-१८), पृष्ठ ३०

नेपाल, भिजन, ( काठमाडौँ एसिया पब्लिकेसन प्रा.लि. २०६४), पृष्ठ ३३

नेपाली क्रान्तिको कार्यक्रम जनताको बहुदलीय जनवाद, प्रकाशन काठमाडैं, (नेकपा एमाले केन्द्रीय कार्यालय २०६६), पृष्ठ ४-३१

मार्क्स, कार्ल (२०६३). मार्क्स एङ्गेल्स साहित्य र कला. (अनु. राजेन्द्र मास्के, सूर्य प्रकाश पौडेल). विवेक सिर्जनशील प्रकाशन प्रालि ।

मार्क्स र अन्य (२०६५).द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद. (अनु.रमेश सुनुवार). प्रगति पुस्तक भण्डार ।

मार्क्सवादी अध्ययनका लागि केही सन्दर्भ सामग्रीहरू, प्रकाशन काठमाडौं, (नेकपा एमाले केन्द्रीय पार्टी स्कुल विभाग ०५६), पृष्ठ ११३

माले, ने.क.पा. राजीतिक प्रतिवेदन तथा कार्यक्रम, (२०५६) पृ.१७,

माले, ने.क.पा. र ने.क.पा. (मार्क्सवादी) द्वारा जारी संयुक्त प्रेश विज्ञप्ति, २३ पौष, २०४७